# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड

**SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.**

नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त प्रदेश नं. १ स्तरीय "घ" वर्गको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, इटहरी -०४, सुनसरी फोन नं. ०२५-५८८१७७,१७८**

website : www.supportmicrofinance.com.np/ E-mail.smicrofinance7@gmail.com

## सातौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०८/१७)

श्री आदरणीय शेयरधनी महानुभावज्यूहरु,

यस सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०८/१५ गते, बुधबारका दिन, दिनको ४:०० बजे बसेको सञ्चालक समितिको १७० औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा तपशिलको विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

**सभा हुने मिति : २०७८/०९/१० गते शनिबार (तद्अनुसार २५ डिसेम्बर,२०२१)**

**सभा हुने स्थान : बगान फेमिली रेष्टुरेन्ट एण्ड लाउन्च बार प्रा.लि. इटहरी -१, सुनसरी ।**

**सभा हुने समय : बिहान ९:०० बजे ।**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।

(३) आ.व.२०७८/०७९ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न प्रस्ताव पेश गर्ने । (वर्तमानको लेखापरीक्षक श्री पियूष लुनियाँ, पि.लुनियाँ एण्ड एशोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनु हुन्न ।)

(४) आ.व. २०७७/०७८को मुनाफावाट १.५७८९.४७३६ प्रतिशत नगद लाभाश (बोनस शेयरको कर प्रयोजनार्थ) रु.१०,४२,१०५/२६ (अक्षरेपी दश लाख बयालिस हजार एक सय पाँच र पैसा छब्बीस मात्र) वितरण गर्न प्रस्ताव पेश गर्ने ।

(५) सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूह (समूह"ख") बाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालक पदको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुंजी रु ६,६०,००,०००/- (अक्षरेपी छ करोड साठी लाख) बाट वृद्धी गरी रु ८,५८,००,०००/- (अक्षरेपी आठ करोड अन्ठाउन्न लाख) पुर्याउन प्रस्ताव पेश गर्ने ।

(२) आ.व. २०७७/७८ तथा सो अधिका सञ्चित नाफाबाट चुक्ता पुँजी रु ६,६०,००,०००/- को ३० प्रतिशतले हुने रु १,९८,००,०००/- (अक्षरेपी एक करोड अन्ठानब्बे लाख मात्र) बोनस शेयर वितरण गर्न प्रस्ताव पेश गर्ने ।

(३) संस्थाको प्रवन्धपत्रको दफा (५)को (ङ) संशोधन गर्न प्रस्ताव पेश गर्ने ।

(४) संस्थाको प्रबन्धपत्रको दफा (११) को उपदफा (१२) संशोधन गर्न प्रस्ताव पेश गर्ने ।

(५) यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने/प्राप्ती भई जाने सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्ने ।

(६) सञ्चालकको भत्ता लगायतका सुविधा तथा वैदेशिक भ्रमण भत्ता संशोधन गर्न प्रस्ताव पेश गर्ने ।

(७) माथि उल्लेखित विशेष प्रस्तावहरु पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्बन्धमा नियमनकारी निकायहरुबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पेश गर्ने ।

**(ग) विविध :**

**सातौं वार्षिक साधारण सभा सम्बन्धी अन्य थप जानकारी :**

१. सातौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७८/०९/०१ गते वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०८/२९ सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन् ।

२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ । साधारण सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

३. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

४ संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीहरुको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफूहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन् ।

५ सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, ईटहरीमा बुझाई सक्नु पर्नेछ । वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन सम्बन्धी विवरण र प्रोक्सी फारम यस वित्तीय संस्थाको वेवसाइट www.supportmicrofinance.com.np बाट Download गर्न सकिनेछ ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी वित्तीय संस्थामा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पुग्नुपर्नेछ र नयाँ प्रोक्सीको हकमा नियम (५) मा लेखिए बमोजिम हुनेछ ।

७ शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सबै भन्दा पहिले प्राप्त भएको हो माथि (६) मा लेखिए वमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वत:बदर हुनेछ ।

८. यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि संस्थाको नियमावलीमा उल्लेख भए अनुसारको न्युनतम १०० कित्ता शेयर धारण गरेको हुनुपर्नेछ । सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ । निर्वाचन सम्बन्धी जानकारी यस संस्थाको केन्द्रीय कार्यालय इटहरी-४,सुनसरीको वेवसाइट तथा वित्तीय संस्थाको सूचना पाटीमा टाँस गरिनेछ ।

९. छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ र सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन् ।

१०. थप जानकारीको लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय ईटहरी, सुनसरीमा सम्पर्क राख्न सक्नु हुनेछ । साथै, अन्य जानकारीका लागि वित्तीय संस्थाको वेबसाईट www.supportmicrofinance.com.np हेर्नुहुन अनुरोध गर्दछौं ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**